*अवधारणा* AWADHARANA
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 8, September 2024
Published by Creative Democrat Academy

# प्रिया ! मुक्तकसङ्ग्रहमा समसामयिक यथार्थता

**श्रीधर न्यौपाने, विद्यावारिधि**

**उपप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 19 April 2024; Reviewed 3 June 2024; Accepted 11 July 2024*
*Author : Shreedhar Neupane Email : shreedhar137@gmail.com*

**लेखसार**

प्रस्तुत लेखमा समसामयिक यथार्थताका दृष्टिले प्रिया ! मुक्तकसङ्ग्रहको विश्लेषण गरिएको छ । प्रिया ! मुक्तकसङ्ग्रहमा समसामयिक यथार्थताको अभिव्यक्ति के कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ । बहुसत्यमा विश्वास गरिएको यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । शोधदर्शनका बिचमा समन्वय कायम गरिएको यस अध्ययनमा पाठको व्याख्यावादी अध्ययनपद्धतिको अवलम्बन गरिएको छ । अध्ययनका क्रममा आवश्यक प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएको छ । समसामयिक यथार्थताको अवधारणाका आधारमा निर्मित उपकरणहरू देशभित्रका बेथिति, पुँजीवादको प्रभाव, विदेशी भूमिप्रतिको आकर्षण र सम्बन्धगत विखण्डनका आधारमा निर्धारित मुक्तकसङ्ग्रहको विश्लेषण गरिएको छ । वर्तमान नेपाली समाजमा बेथिति बढ्दै गएको, पुँजीवादको प्रभावका कारण मानिसमा स्वार्थी र व्यक्तिवादी प्रवृत्ति बढ्दै गएको, विदेशी भूमिप्रति आकर्षित हुने प्रवृत्ति व्यापक रहेको एवम् पारिवारिक सम्बन्ध विखण्डित बनेको यथार्थता यस मुक्तक सङ्ग्रहमा अभिव्यक्त भएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । वर्तमानमा नेपाली समाजमा देखिएका यस्ता समस्या देशका लागि घातक रहेका छन् भन्ने व्यञ्जनायुक्त अर्थ यस सङ्ग्रहका मुक्तकले सम्प्रेषण गरेका छन् भन्ने निष्कर्षात्मक प्राप्ति यस अध्ययनको रहेको छ ।

***विशेष शब्दहरू*** : पुँजीवाद, बेथिति, विखण्डन, व्यक्तिवादी, स्वार्थी

## विषय परिचय

प्रस्तुत लेखमा सुरज पौडेल (२०३४) द्वारा लिखित *प्रिया !* (२०८०) मुक्तकसङ्ग्रहको समसामयिक यथार्थताका कोणबाट विश्लेषण गरिएको छ । पौडेल प्राध्यापन पेसामा आबद्ध रहँदै सिर्जना र समालोचनामा पनि सक्रिय रहेका व्यक्ति हुन् । कविता, एकाङ्की जस्ता रचना सिर्जना गरी स्रष्टा व्यक्तित्वको परिचय बनाएका पौडेलको पछिल्लो चरणमा कृतिका रूपमा *प्रिया !* मुक्तकसङ्ग्रह सार्वजनिक भएको छ । मूलतः वर्तमानमा देखिएका नेपाली समाजका समस्याग्रस्त अवस्थालाई बोध गराउने खालका विषयवस्तुको छनोट

गरी मुक्तकको स्वरूप प्रदान गरेका पौडेलका मुक्तकले समसामयिक यथार्थता अभिव्यक्त गरेका छन् ।

जीवनजगत्को कुनै महत्त्वपूर्ण पक्षलाई सूत्रात्मक रूपमा प्रस्तुत गरिने कविताको प्रगीतात्मक एवम् लघुतम संरचना मुक्तकका माध्यमबाट सुरज पौडेलले समसामयिक यथार्थतालाई केन्द्रीय विषय बनाई अभिव्यक्त गरेका छन् । समाजमा देखिएका नवीनतम परिवर्तनको अभिव्यक्ति हुनु समसामयिक यथार्थता हो। पौडेलले *प्रिया !* मुक्तकसङ्ग्रहमा समसामयिक यथार्थतालाई अभिव्यक्त गरेका छन् भन्ने कुरा ती मुक्तकको पठन र तिनका बारेमा भएका पूर्वकार्यले सङ्केत गरेका छन् । तर यसै अभिलक्षणलाई आधार बनाई गरिने प्राज्ञिक अध्ययनको भने रिक्तता देखिएको छ । तसर्थ *प्रिया !* मुक्तकसङ्ग्रहमा समसामयिक यथार्थताको अभिव्यक्ति केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ ।

समसामयिक यथार्थताका कोणबाट *प्रिया !* मुक्तकसङ्ग्रहका मुक्तकको विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो र विश्लेषणका लागि अन्य सैद्धान्तिक मान्यतालाई आधार नबनाउनु यस अध्ययनको सीमा हो । बहुसत्यमा आधारित गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यस अध्ययनमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ । मुक्तक विश्लेषणका लागि समसामयिक यथार्थतालाई सैद्धान्तिक आधार बनाइएको छ । यसै मान्यताका आधारमा निर्मित सूचकहरू देशभित्रका बेथिति, पुँजीवादको प्रभाव, विदेशी भूमिप्रतिको आकर्षण र सम्बन्धगत विखण्डनका आधारमा उक्त सङ्ग्रहका मुक्तकको विश्लेषण गरिएको छ । समसामयिक यथार्थतालाई बोध गराउने यिनै सूचकका आधारमा गरिएको यो अध्ययन नवीन, मौलिक, औचित्यपूर्ण र प्राज्ञिक दृष्टिले उपयोगीसमेत देखिएको छ ।

**सैद्धान्तिक आधार**

उही समयमा घटित भइरहेका घटनाहरूको यथार्थपूर्ण चित्रण नै समसामयिक यथार्थता हो । साहित्यकारले बाँचेको जीवनको मात्र चित्रण गर्नु समसामयिक यथार्थता होइन । समयको परिवर्तनसँगै समाजमा देखिएका फरक प्रवृत्तिलाई आत्मसात् गरी साहित्यिक कृतिको रचना गर्नुपर्छ भन्ने मान्यता समसामयिक यथार्थताको रहेको हुन्छ । वर्तमानमा नै लेखिएका साहित्यिक कृतिमा पनि समाजमा भइरहेको परिवर्तनलाई अवलम्बन नगरिएमा त्यस्ता रचना समसामयिक हुँदैनन् । त्यसैले पछिल्लो चरणका नवीन प्रवृत्तिको अङ्कन साहित्यिक रचनामा यथार्थ ढङ्गले भएमा नै त्यो समसामयिक रचनाका रूपमा चिनिन्छ । समसामयिकको अवधि कति हुने भन्ने विषयमा विद्वान्हरूका बिचमा मतभेद देखिए पनि पछिल्ला एकदुई दशकलाई समसामयिकका रूपमा लिन सकिने धारणा बढी विश्वसनीय देखिएको छ । वर्तमानसँग सम्बद्ध एकदुई दशकव्यापी अभिलक्षण समसामयिकता हो (शर्मा, २०५५, पृ. ८) । समसामयिकता स्थिर हुँदैन । एकदुई दशकको समयमा जेजस्ता परिवर्तन र नवीनता भित्रिन्छन् ती नै त्यस कालखण्डका समसामयिक यथार्थता हुन् । समसामयिक साहित्यमा निश्चित कालखण्ड र निश्चित चेतनाको चारित्रिक विशेषता प्रतिबिम्बित भएको हुन्छ (बराल, २०७३, पृ. ३९२) । समसामयिक साहित्यले व्यापक समयको बृहत् आयामलाई प्रतिनिधित्व गर्न सक्दैन । सीमित समयभित्रका मूलभूत परिवर्तनको यथार्थपूर्ण प्रतिविम्बन हुनुले समसामयिक यथार्थको अभिलक्षणलाई बोध गराएको हुन्छ । निश्चित समयका यथार्थ कुराको अङ्कन हुने समसामयिक साहित्यमा देशविदेशका नवीनतालाई सशक्त ढङ्गबाट अभिव्यक्त गरिएको हुन्छ । समसामयिक

चेतनायुक्त रचनामा वर्तमान कालको युगबोधी चेतना अभिव्यक्त भएको हुन्छ (अधिकारी, २०७०, पृ. २६६)। वर्तमान समयमा समाजमा भएका विकृति, बेथितिलाई समेत यस्तो साहित्यमा अभिव्यक्त गरिएको हुन्छ । मानिसमा बढ्दो व्यक्तिवादी प्रवृत्ति, पारिवारिक विखण्डन, सम्बन्धगत विखण्डन जस्ता समस्या समसामयिक यथार्थसँगै सम्बद्ध रहेको पाइन्छ ।

जीवनजगत्को वस्तुसत्यलाई यथार्थ ढङ्गले प्रस्तुत गर्नुपर्छ भन्ने अवधारणा अवलम्बन गरी पाश्चात्य चिन्तन परम्परामा विकसित भएको मान्यता यथार्थवाद हो र यसैसँग सम्बद्ध यथार्थता रहेको छ । समाज, समाजका मूल्य, मान्यता जेजस्ता छन्, जेजसरी चलिरहेका छन्, तिनलाई वस्तुका रूपमा अवलम्बन गरी कलात्मक शिल्पको प्रयोग गरी साहित्यिक कृतिको रचना गर्नुपर्छ भन्ने मान्यता यथार्थवादले वरण गरेको छ । नैतिक मूल्यप्रति सरोकार नराखी वस्तुपरक सत्यको अभिव्यक्ति यथार्थवादी साहित्यमा हुन्छ (श्रेष्ठ, २०७८, पृ. ४६) । समाजका यथार्थ कुरालाई व्यक्त गर्न हिचकिचाउनु वा ढाकछोप गरी प्रस्तुत गर्नु यथार्थको अभिलक्षण होइन । उपदेश र आदर्शमा विश्वास नगर्ने यथार्थवादले वस्तु सत्यलाई नै आफ्नो स्रोत बनाएको हुन्छ । व्यक्तिमा पलाएको सुख भोगको चाहना, रोजगारप्रतिको आकर्षण, विदेशी भूमिप्रतिको आकर्षण जस्ता पक्षले समाजमा पारेको प्रभावलाई हुबहु प्रस्तुत गर्नु पनि यथार्थवादी साहित्यको अभिलक्षण हो । यस्ता यथार्थतायुक्त तथ्यलाई समसामयिक साहित्यमा अभिव्यक्त गरिएको हुन्छ । पुँजीवादी व्यवस्था, प्रजातान्त्रिक आस्था, पौरस्त्य आदर्श आदि विकल्पलाई आजको मान्छेले रोजेको छ (एटम, २०६१, पृ. २२८) । मानिसमा धनसञ्चय गर्ने प्रवृत्ति, आफू सम्पन्न बन्ने प्रयत्न, स्वतन्त्रतापूर्ण जीवनशैली, पूर्वीय दर्शनलाई अवलम्बन गर्ने वर्तमानका मानिसका कार्यले समेत समसामयिक यथार्थतालाई बोध गराएको देखिन्छ । वस्तुजगत्को विम्बात्मक अभिव्यक्ति यथार्थवादी कलामा हुन्छ (बराल, २०५२/२०६७, पृ. ४) । जीवनजगत्, त्यहाँका मूल्यमान्यतालाई कलात्मक ढाँचामा प्रस्तुत गर्नु नै यथार्थवादी साहित्यको अभिलक्षण हो । समसामयिक यथार्थवादी मान्यतालाई वरण गरेर रचना गरिएका साहित्यिक कृतिले वर्तमान कालीन साहित्य र समाजमा प्रचलित नवीन मूल्य र मान्यतलाई यथार्थ ढङ्गले अभिव्यक्त गरिएको हुन्छ ।

**अध्ययन विधि**

गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको प्रस्तुत अध्ययन बहुसत्यमा आधारित रहेको छ । यस अध्ययनमा देशभित्रका बेथिति, पुँजीवादको प्रभाव, विदेशी भूमिप्रतिको आकर्षणका कारण सम्बन्धमा विखण्डन देखिएको छ भन्ने कुरालाई सत्य मान्नु यस अध्ययनको तत्त्वमीमांसा हो । तत्त्वमीमांसामा ठानिएको सत्यलाई पुष्टि गर्नाका लागि *प्रिया !* मुक्तकसङ्ग्रहको सूक्ष्म अध्ययन गरी प्राप्त प्रमाणका आधारमा पाठको व्याख्यावादी विधिको अवलम्बन गरी ज्ञानको निर्माण गर्नु ज्ञानमीमांसा हो । अध्ययनका लागि सम्भावनालाई खुला राख्नु यस अध्ययनको मूल्यमीमांसा हो । यसै प्रविधिका आधारमा यस अध्ययनमा शोधदर्शनका बिचमा समन्वय कायम गरिएको छ । यस अध्ययनमा उपयोग गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन् । समसामयिक यथार्थतालाई कृति विश्लेषणको सैद्धान्तिक आधार बनाइएको यस अध्ययनमा समकालीन नेपाली समाजमा विकसित यथार्थ पक्षहरू देशभित्रका बेथिति, पुँजीवादको प्रभाव, विदेशी भूमिप्रतिको आकर्षण र सम्बन्धगत विखण्डनलाई विश्लेषणपद्धतिका रूपमा अवलम्बन गरिएको छ ।

## नतिजा र विश्लेषण

सुरज पौडेलको पहिलो मुक्तकसङ्ग्रहका रूपमा *प्रिया !* सार्वजनिक भएको छ । नेपाली भाषा र साहित्यका प्राध्यापन पौडेलले विभिन्न कार्यक्रममा प्रस्तुत साहित्यसम्बन्धी दृष्टिकोण र समीक्षा तथा छरिएका भाषिक सामालोचनाले उनमा भावयित्री प्रतिभा गहन रहेको पुष्टि गरेको छ । उनमा निहित कारयित्री प्रतिभाको सार्वजनीकरण 'विचरा शिक्षक !' (पौडेल, २०६८, पृ. ९४) कविताका माध्यमबाट भएको हो । यसै कविताका माध्यमबाट सिर्जना यात्रा प्रारम्भ गरेका पौडेलको कृतिका रूपमा भने पहिलो मुक्तकसङ्ग्रह *प्रिया !* सार्वजनिक भएको छ ।

मुक्तक कविताको प्रगीतात्मक लघुतम रूप हो । यो सङ्क्षिप्त, मितव्ययी, सूत्रात्मक, प्रतीकात्मक एवम् अनुभूतिको एक झिल्का प्रस्तुत गरिने कवितात्मक रूप हो । अन्य श्लोकसँग असम्बद्ध भई पाठकलाई रसास्वादन गराउने रचना मुक्तक हो । यो चतुष्पदी संरचनामा आबद्ध भई स्वयम्मा पूर्ण हुन्छ । एउटै श्लोकमा पाठकलाई चमत्कार सिर्जना गराउने क्षमता मुक्तकमा रहन्छ (बराल, २०५५, पृ. ६३८) । यसका चार पङ्क्तिमध्ये पहिलोमा विषयको उठान, दोस्रोमा विषयलाई गति प्रदान, तेस्रोमा विषयलाई पुष्टि गर्नाका निम्ति परिवेश निर्माण र चौथोमा विषयको तार्किक पुष्टि गरिएको हुन्छ । एक, दुई र चार पङ्क्तिहरू तुकान्बदीयुक्त तथा तेस्रो पङ्क्ति तुकबन्दीमुक्त हुनु मुक्तकको स्वरूप हो । गद्य र पद्य दुवै लयमा सिर्जना गर्न सकिने मुक्तकमा व्यञ्जनायुक्त अर्थ अपेक्षित हुन्छ । त्यस्तो अर्थको प्रतिपादनका लागि विम्ब, प्रतीक, अलङ्कार, प्राक्सन्दर्भ, मिथक, उखान, टुक्का आदिको प्रयोग गरिन्छ । यही मान्यतालाई वरण गरी सार्वजनिक भएको सुरज पौडेलको *प्रिया !* मुक्तकसङ्ग्रहको देशभित्रका बेथिति, पुँजीवादको प्रभाव, विदेशी भूमिप्रतिको आकर्षण र सम्बन्धगत विखण्डनका कोणबाट यस लेखमा विश्लेषण गरिएको छ ।

### *देशभित्रका बेथिति*

*प्रिया !* मुक्तकसङ्ग्रहमा समकालीन परिवेशमा देशभित्र हुने गरेका ठगी, भ्रष्टाचारी, सत्तामोह जस्ता विकृत पक्षलाई केन्द्रीय विषय बनाइएको छ । यस सङ्ग्रहका मुक्तकमा आफ्नो स्वार्थ पूरा गर्ने अभिप्रायले अरूको धनसम्पत्तिमा प्रभाव जमाउन खोज्ने प्रवृत्ति समाजमा व्याप्त रहेको कुरालाई प्रस्तुत गरेर समकालीन नेपाली समाजका यथार्थतालाई अभिव्यक्त गरेको देखिन्छ । यस सङ्ग्रहमा नेपाली समाजका आर्थिक, राजनीतिक क्षेत्रका विकृतिमाथि व्यङ्ग्य गरिएको छ (शर्मा, २०८०, पृ. प्रकाशकीय मन्तव्य) । समाजका आर्थिक, राजनीतिक क्षेत्रमा देखिएका विकृतिले देशको समुन्नतिमा बाधा पुऱ्याएको छ भन्ने विषयलाई यस सङ्ग्रहका मुक्तकमा केन्द्रीय विषय बनाएको देखिन्छ । चोरी र ठगीका माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्तिका मान्छेको बिगबिगी समाजमा रहेको तथ्यलाई यस मुक्तकले स्पष्ट पारेको छ :

चोकचोकमा यहाँ नामचोर भेटिन्छन्
दिनदहाडै सहरमा दामचोर भेटिन्छन्
चोर्नु नै परम्परा बनेपछि प्रिया !
यहाँ निर्लज्ज कामचोर भेटिन्छन् । (पौडेल, २०८०, पृ. २६)

समाजमा कथित प्रभावी बनेका नामचोर, अर्काको सम्पत्ति लुट्ने दामचोर र कर्तव्य निर्वाह नगर्ने कामचोर प्रवृत्तिका मानिसले समाज भरिएको तथ्यलाई माथिको मुक्तकले स्पष्ट पारेको छ । भ्रष्टाचारीका कारण

समाजको उन्नतिमा बाधा पुगेको कुराको चित्रण गर्दै जनताको करबाट पालिएका कर्मचारीलाई आफ्नो काम बनाउनका लागि उल्टै रकम दिनुपरेको कुरालाई प्रस्तुत गरी नेपालमा व्याप्त भ्रष्टाचारी प्रवृत्तिको चित्रण तलको मुक्तकमा समेत गरिएको छ :

यस्तै छ यहाँ जनअभिमतको कदर हुँदैन
स्वार्थ मिलेपछि बिग्रेको मत पनि बदर हुँदैन
घुस लिने र दिने परम्परा नै बनेपछि प्रिया !
सच्चा प्रयत्न जति गर, फाइल तिम्रो सदर हुँदैन । (पौडेल, २०८०, पृ. ५२)

भ्रष्टाचरीका आग्रहलाई स्वीकार नगरेका खण्डमा जनताका काम नहुने भन्ने कुराले नेपालको वर्तमान अवस्थाको वास्तविकतालाई बोध गराएको छ । नियम, कानुन, कर्तव्यलाई धज्जी उडाउँदै सर्वसाधारणको रकम असुल्ने प्रवृत्ति नेपालका सरकारी कार्यालयमा व्याप्त रहेको कुराको चित्रण गर्दै त्यो देश र जनताका लागि घातक बनेको व्यञ्जनायुक्त अर्थलाई माथिको मुक्तकले अभिव्यञ्जित गरेको छ ।

वर्तमान अवस्थामा नेपाली राजनीतिक क्षेत्रमा देखिएका विकृत पक्षहरूलाई चित्रण गर्ने क्रममा *प्रिया !* मुक्तकसङ्ग्रहमा सत्तामोहलाई समेत व्यङ्ग्यात्मक ढङ्गले चित्रण गरिएको छ । सत्तामा पुग्नका लागि साम, दाम, दण्ड र भेदको नीति अवलम्बन गर्ने, अपवित्र गठबन्धन गर्ने, सत्तामा पुग्नकै लागि विपरीत विचार लाई अँगाल्ने, स्वार्थ बाझिएमा आफ्नै विचारका दललाई पनि निषेध गर्ने विकृत प्रवृत्तिले देश थला परेको कुराको प्रस्तुतिका माध्यमबाट नेपाली समाजका समसामयिक यथार्थको अङ्कन यस सङ्ग्रहका मुक्तकमा भएको देखिन्छ ।

बुद्धि विवेक बन्धक राखी नुनतेलमा बिकेका छन्
जता मल्क्यो उतै ढल्क्यो गर्नलाई सिकेका छन्
मसाने टेबिलमा भुङ्ग्रे रोटी काटेर भोज गर्दै
बैसाखीको सहारामा स्यालहरू सत्तामा टिकेका छन् । (पौडेल, २०८०, पृ. २६)

माथिको मुक्तकमा सत्तामा बस्नेहरू आफ्नो स्वार्थका लागि विवेकहीन क्रियाकलापमा प्रवृत्त रहेको तथ्यलाई सङ्केत गरिएको छ । सत्तामा बसेर आय आर्जन गर्ने, मोजमस्ती गर्ने, भोजभतेरमा रमाउने, आफ्नो क्षमतामा नभई अर्काको इसारा र सहारामा सत्तामा बसेर देशलाई लुटिरहेका छन् भन्ने व्यञ्जनायुक्त अर्थलाई उपर्युक्त मुक्तकले बोध गराएको छ । नेतामा देखिएको स्वार्थी प्रवृत्ति देश र जनताका लागि घातक हुँदाहुँदै पनि त्यस प्रवृत्तिबाट नेताहरू अलग हुन नसकेको तथ्यलाई यस सङ्ग्रहका मुक्तकमा प्रमुख विषय बनाएको देखिन्छ । नेताहरूको यही गलत प्रवृत्तिका कारण जनतामा निराशा छाएको कुरालाई तलको मुक्तकमा अभिव्यक्त गरिएको छ :

खै ! यसपालीको चुनावले खासै ध्यान तान्न सकेन
सायद सिद्धान्त र निष्ठाको राजनीति धान्न सकेन
व्यवस्था नै पल्टिने खतरा भए जाग्थे होलान् जनता
नेता भनेकाले जनता ब्युँझाउने तरिका जान्न सकेन । (पौडेल, २०८०, पृ. ६५)

चुनाव नेताको सत्तामा जाने भऱ्याङ मात्र भएको र त्यसले जनतामा कुनै खुसीको सञ्चार गर्न नसकेकाले त्यसलाई जनताले उपेक्षा गरेका छन् भन्ने लाक्षणिक अर्थले राजनीतिका क्षेत्रमा देखिएका विकृतिलाई स्पष्ट पारेको छ । जनतालाई अनेक आश्वासन देखाएर संसद् र सत्तामा पुगेका व्यक्तिहरूले संसद्मा देखाएको कुर्ची भाँचाभाँच, गालीगलौज, अमर्यादित क्रियाकलाप, जनताप्रति अनुत्तरदायीका कारण जनता निराश बनेका छन् भन्ने वाच्यार्थभन्दा भिन्न अर्थको बोध उक्त सङ्ग्रहका मुक्तकबाट गर्न सकिन्छ ।

*प्रिया !* मुक्तकसङ्ग्रहमा देशभित्रका विकृतिप्रति व्यङ्ग्य गर्ने क्रममा सरकारी कार्यालय, फेसबुक र शिक्षाक्षेत्रका विकृतिलाई पनि प्रमुख विषय बनाएको देखिन्छ । भनसुन र घुसको प्रभावको कारण पदमा पुगेका मानिसहरू कार्यालयमा प्रमुखको जिम्मेवारी बहन गरेको तथ्यलाई तलको मुक्तकका माध्यमबाट प्रस्तुत गरिएको छ :

बलियाले निर्धामाथि शासन गर्न सत्ताको हतियार बनाए
रत्नाकरले वाल्मीकिलाई डाँकाहरूको मतियार बनाए
ठुलालाई चैन सानालाई ऐन भएको यो कुतर्की समाजमा
कर्तुत छोप्न दलेहरूले 'अम्रेश पुरी' लाई मुख्तियार बनाए । (पौडेल, २०८०, पृ. ६५)

खल आचरणका असक्षम व्यक्तिले कार्यालयमा जिम्मेवारी वहन गर्दा अन्य सक्षम कर्मचारीको मनोबल गिरेको, भ्रष्टाचार बढेको, चाकडी गर्ने प्रवृत्ति मौलाई देशको प्रशासनिक र सेवाप्रदायक निकाय चुस्त एवम् दुरूस्त हुन नसकेको वास्तविकताको उद्घाटनप्रति माथिको मुक्तक लक्षित रहेको छ । जनतालाई सेवा प्रदान गर्नुको सट्टा प्रविधिलाई दोष लगाई काम प्रभावित पार्ने सरकारी कार्यालयको दुष्प्रवृत्तिलाई तलको मुक्तकले स्पष्ट पारेको छ :

नागरिकले फारम भर्दा सर्भर डाउन हुन्छ यहाँ
जनताले सास्ती पाउँदा कसको मन रून्छ यहाँ
सिन्डिकेटले नछोएको कुनै ठाउँ भेटिएला र ?
स्वच्छ मनले कर्म गर्ने सेवक हाम्रो कुन छ यहाँ ? (पौडेल, २०८०, पृ. ७६)

जनताले समस्या भोग्दा पनि बेवास्ता गर्ने प्रवृत्ति मौलाएको छ भन्ने कुरलाई माथिको मुक्तकबाट अभिव्यक्त गरिएको छ । जनसेवीको भूमिकामा कर्मचारी नरहेको वास्तविकतालाई प्रस्तुत गर्दै त्यसले नेपाली समाज आक्रान्त बनेको तथ्यलाई उपर्युक्त मुक्तकले स्पष्ट पारेको छ । फेसबुकले पारेको नराम्रो प्रभाव नेपाली समाजको समसामयिक यथार्थको अभिलक्षण हो । यसकै कारण बालबालिका, पतिपत्नी, सम्बन्ध, नातागोता आदिमा सुमधुर सम्बन्ध देखिएको छैन । घर र समाजका मानिस साथी नभई फेसबुकका मात्रै साथी रहेको वास्तविकतालाई यस सङ्ग्रहका मुक्तकले प्रस्तुत गरेका छन् । मानिस फेसबुकका कारण प्रशस्त साथीका माझमा पनि एक्लो भएको समकालीन यथार्थताको अभिव्यक्ति यस सङ्ग्रहका मुक्तकमा भएको छ । शिक्षा क्षेत्रका बेथितिलाई यस सङ्ग्रहका मुक्तकमा विषय बनाइएको छ (रेग्मी, २०८०, पृ. भूमिका) । शिक्षा क्षेत्रमा देखिएका विकृत्तिको अभिव्यक्ति हुनु समकालीन यथार्थसँग सम्बद्ध अभिलक्षण हो । परीक्षामा निरीक्षक बनेकाले परीक्षार्थीलाई उपयुक्त परिवेश सिर्जना गर्नुको साटो आफ्नो प्रभुत्व देखाउनका लागि सामन्ती व्यवहार गरेको

तथ्यलाई तलको मुक्तकले स्पष्ट पारेको छ :

परीक्षामा निरीक्षकले सिंह गर्जन गर्दछ
चिलझैँ झम्टा दिँदै निला आँखा तर्दछ
जेलरले कैदीलाई जस्तै व्यवहार देखाएर
स्वतन्त्र भई लेख्न पाउने अधिकार हर्दछ । (पौडेल, २०८०, पृ. ६०)

नेपाली समाजमा व्यवहारमा रहेको शिक्षा प्रणाली, शिक्षालय स्वाभाविक रूपमा शिक्षाको उद्देश्य र मर्म बोध गरेर सक्रिय रहेका छैनन् भन्ने व्यञ्जनायुक्त अर्थलाई माथिको मुक्तकले बोध गराएको छ । आफ्नो स्वार्थ पूरा गर्नाका लागि निजी क्षेत्रका लगानीकर्ता सक्रिय छन् भने सरकारी क्षेत्रका शिक्षक कर्मचारी उत्तर दायित्व वहन गर्ने कुराप्रति असचेत बन्दा शिक्षाक्षेत्र अस्तव्यस्त बनेको वर्तमान नेपाली समाजको यथार्थतालाई *प्रिया !* मुक्तक सङ्ग्रहका मुक्तकमा विषय बनाएको देखिन्छ ।

नेपाली समाजमा व्याप्त रहेका विकृति र बेथितिलाई प्रमुख विषय बनाइएको *प्रिया !* मुक्तक सङ्ग्रहका मुक्तकमा अशान्त परिवेश एवम् धर्म र कर्मकाण्डका क्षेत्रमा देखिएका समस्यालाई समेत स्थान दिएको देखिन्छ । खास गरी शासकको मनपरी, सरकारी कार्यालयका बेथिति, बलियो पाखुरा हुनेले प्रभाव जमाएको, धन हुनेको प्रभुत्व रहेको यथार्थको चित्रण गर्दै यस्तो अशान्त अवस्थामा शान्तिका पक्षधरहरू त्राहिमाम् भएको वास्तविकतालाई तलको मुक्तकले स्पष्ट पारेको छ :

रूखबाट बर्गेल्ती फूलहरू बर्सिएका छन्
खसी, बोका र राँगाहरू पर्सिएका छन्
कंस र रावण रणभूमिमा ओर्लिएपछि
परेवा, गान्धी र बुद्धहरू तर्सिएका छन् । (पौडेल, २०८०, पृ. ४९)

हिंसाका प्रतीक कंस र रावणको समाजमा बिगबिगी भएपछि शान्तिका प्रतीकहरू परेवा, गान्धी र बुद्धहरूको अस्तित्व नामेट भएको भन्ने तथ्यले नेपाली समाजमा अस्थिरताको प्रभाव सिर्जना गरी आफ्नो प्रभुत्व सुरक्षित राख्ने असुर प्रवृत्तिका मानिस नै सक्रिय हुनुले देश पछाडि परेको छ, अशान्त फैलिएको छ र समग्रमा जनता असुरक्षित अनुभव गरिरहेको वास्तविकता प्रस्तुत गर्नतर्फ माथिको मुक्तक लक्षित छ । धर्मकर्मका क्षेत्रमा देखिएका विकृतिको चित्रणले वर्तमान नेपालको यथार्थतालाई बोध गराएका छन् । धर्म र संस्कृतिलाई संरक्षण गर्नुपर्ने ठाउँमा व्यापारका रूपमा ग्रहण गरी त्यसका माध्यमबाट विकृतिलाई नै फैलाउने परिपाटीको विकास भएको तथ्यलाई तलको मुक्तकले स्पष्ट पारेको छ :

दिनदहाडै सिन्जोहरू घरछेउमै ढल्न थाले
थोरै हिँड्दै प्रियाका हातखुट्टा गल्न थाले
जम्मा दुई लाखमा कालीसर्पको दोष मेटाइने रे
आजभोलि त धर्मकर्म पनि ठेक्कैमा चल्न थाले । (पौडेल, २०८०, पृ. ५७)

धर्म र कर्मकाण्डका क्षेत्रमा आज संस्कृति संरक्षण गर्नेभन्दा पनि व्यवसाय बनाउने प्रवृत्ति व्यापक बनेको तथ्यलाई माथिको मुक्तकले स्पष्ट पारेको छ । धर्म र संस्कृतिका कुरा जुन समाजसँग प्रत्यक्ष सरोकार

राख्छन्, तिनकै विषयमा देखिएका विकृतिले मानिसमा निराशा पैदा भएको र अन्ततः धर्म संस्कृति र कर्मकाण्ड नै विलुप्त हुने अवस्थामा पुग्न सक्ने व्यञ्जनामूलक अर्थसमेत उपर्युक्त मुक्तकबाट ग्रहण गर्न सकिन्छ । समाजका यस्ता वास्तविकतालाई प्रस्तुत गरी मुक्तककारले नेपाली समाजका समसामयिक यथार्थतालाई आफ्ना मुक्तकको विषय बनाएका छन् भन्ने कुरामा स्पष्ट हुन सकिन्छ । ठगी, घुस, भ्रष्टाचार, सरकारी कार्यालयका बेथिति, राजनीतिका बेथिति, निर्वाचनमा हुने गरेका विकृति जस्ता कुरालाई प्रमुख विषय बनाइनुले यस सङ्ग्रहका मुक्तकमा समसामयिक यथार्थता अभिव्यक्त भएको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

***पुँजीवादको प्रभाव***

वर्तमान अवस्थामा नेपाली समाज पुँजीवादको प्रभावबाट आक्रान्त बनेको वास्तविकताको प्रस्तुतीकरणका माध्यमबाट समसामयिक यथार्थतालाई *प्रिया !* मुक्तकसङ्ग्रहमा अभिव्यक्त गरिएको छ । जुनसुकै अवस्थामा पनि धन वृद्धि गर्नुपर्छ भन्ने मान्यता अनुरूप नै आज विश्वमा बहुराष्ट्रिय कम्पनीहरूको स्थापना भएको र तिनले आफ्नो व्यवसाय प्रवर्धनका लागि अनेक विकल्पहरू अपनाउने गरेको वास्तविकताबाट नेपाली समाज पनि अलग रहेको देखिँदैन । आज नेपाली समाजका मानिसहरू दुध बेचेर कोक सेवन गर्ने प्रवृत्तिमा अभ्यस्त भइसकेका छन् । होटल, रेस्टुरेन्टमा पाक्ने मम, पिजा, बर्गर, चाउमिनका भोगी बन्ने नेपालीको समस्या दिनहुँ बढ्दै गइरहेको छ । नेपालीका परम्परागत खानाहरू आटो, पिठो, ढिँडो, रोटी, मकै, कोदो हाम्रा लागि अपाच्य बन्दै गएको यथार्थतालाई मुक्तककारले आफ्ना मुक्तकमा समेट्नुले नेपाली समाजको समसामयिक यथार्थतालाई चित्रण गरेको देखिन्छ । वर्तमानमा मानिसहरूमा व्यक्तिवादी प्रवृत्ति हावी हुँदै गएको छ । आफ्नो स्वार्थ पूरा गर्नाका लागि आफ्नैलाई घात गर्ने प्रवृत्ति वर्तमान नेपाली समाजमा बढ्दो छ । मानिसमा व्यक्तिवादी प्रवृत्ति बढेको वास्तविकतालाई तलको मुक्तकले स्पष्ट पारेको छ :

> यहाँ आफ्नैले आफ्नालाई खास बनाएको छ
> बिडम्बना ! हुनेले नहुनेलाई दास बनाएको छ
> समय र परिस्थिति आफ्नो वशमा नभएपछि
> त्रासदीले मानिसलाई जिउँदो लास बनाएको छ । (पौडेल, २०८०, पृ. ४३)

आज मान्छेमा दुःख परेका मानिसलाई सहयोग गर्ने, उसको उपकार गर्ने प्रवृत्ति हराउँदै गएको र आफ्नो स्वार्थ पूरा गर्नाका लागि आफ्नो र पराई भन्ने प्रवृत्ति लोप हुँदै गएको यथार्थतालाई माथिको मुक्तकले स्पष्ट पारेको छ । व्यक्तिजीवनका यावत् विसङ्गतिलाई यस सङ्ग्रहका मुक्तकमा उतारिएको छ (बस्ताकोटी, २०८०, पृ. भूमिका) । व्यक्तिवादी प्रवृत्तिका कारण मानिसमा विसङ्गतिको अनुभूतिसमेत भएको देखिन्छ । मान्छेमा आफ्नो स्वार्थ पूरा गर्ने प्रवृत्तिका कारण विश्वासको सङ्कट चुलिँदै गएको कुरालाई *प्रिया !* मुक्तकसङ्ग्रहमा विषयबद्ध गरिनुले समसामयिक यथार्थताको अभिलक्षणलाई वरण गरेको छ भन्ने कुरासमेत स्पष्ट हुन्छ ।

आफन्त र मानवीयतालाई बिर्सेर पैसालाई नै सर्वोच्च महत्त्व दिने प्रवृत्ति आजको नेपाली समाजमा व्याप्त रहेको वास्तविकताको चित्रण गरी *प्रिया !* मुक्तकसङ्ग्रहमा समसामयिक यथार्थता अभिव्यक्त गरिएको छ । मानिसहरू पैसाप्रति प्रवृत्त हुँदै आफ्नो घरपरिवारलाई समेत बेवास्ता गर्ने प्रवृत्ति बढेको छ । पैसा दिएपछि बाआमालाई पनि पुग्छ भन्ने, पैसाले सबैथोक गर्छ र पैसा नै सबै हो भन्ने प्रवृत्ति आज नेपाली समाजमा व्याप्त छ । आजका मानिसको यसै प्रवृत्तिलाई मुक्तकीय स्वरूप प्रदान गरी मुक्तककारले समसामयिक यथार्थतालाई अभिव्यक्त गरेका छन् । सम्पत्ति सञ्चय गर्ने, शिक्षाका नाममा व्यापार गरेर गगनचुम्बी महल खडा गर्ने,

भौतिक सम्पन्नतालाई सर्वोच्च ठान्ने आजको यथार्थतालाई यस मुक्तकसङ्ग्रहमा व्यक्त गरिएको छ । पैसाले सबैथोक गर्छ भन्ने मनोविज्ञान मानिसमा रहेको वास्तविकतालाई तलको मुक्तकले बोध गराएको छ :

भन्दै छ आज दुनिया नेप्सेले ताजा के भन्छ ?
बुद्धिमा बिर्को लाएर पैसा जति ले भन्छ
हाँसोखुसी, परिवार, समय सब किन्ने कुरा न हुन्
ओछ्यान परेकी आमालाई पैसैले झापड दे भन्छ । (पौडेल, २०८०, पृ. ३०)

मान्छेमा हुने माया, प्रेम, सद्भाव र सहयोगका गुणलाई एकातिर पन्छाएर पैसा भए सबै पुग्छ भन्ने भावना मानिसमा विकसित भएको छ भन्ने यथार्थतालाई माथिको मुक्तकले बोध गराएको छ । पैसा नै सबै कुराको मापक हो भन्ने मान्यता पुँजीवादको हो । यसैको प्रभाव नेपाली समाजमा समेत परेको कुरालाई यस मुक्तकसङ्ग्रहमा विषयबद्ध गरी समसामयिक यथार्थता अभिव्यक्त गरेको देखिन्छ ।

***विदेशी भूमिप्रतिको आकर्षण***

वर्तमान समयमा नेपाली समाजमा व्याप्त रहेको विदेशी भूमिप्रति आकर्षित हुने प्रवृत्तिलाई प्रमुख महत्त्वका साथ *प्रिया !* मुक्तकसङ्ग्रहमा अभिव्यक्त गरिएको छ । मूलतः रोजगारी, शिक्षा वा सुविधा भोगका लागि नेपालीहरू विदेश जाने प्रवृत्ति वर्तमान समयमा तीव्र रूपमा वृद्धि भइरहेको छ । यही नेपाली समाजमा व्याप्त रहेको वर्तमान कालीन यथार्थतालाई चित्रण गर्नुले समसामयिक यथार्थतालाई नै बोध गराएको देखिन्छ। विदेशमा गएका कतिपय मान्छे र उसमा आश्रित अन्य मान्छेको फूर्ति र अहङ्कारलाई मुक्तककारले आफ्ना मुक्तकको विषय बनाएका छन् । विदेश जाने व्यक्ति र सीमित समयका लागि विदेश गएका उसका आफन्तले विदेश भ्रमण गरेका स्थानका दृश्यको फेसबुकमा राख्ने गलत प्रवृत्तिले देशमै बसेका मानिसमा पश्चात्ताप र हीनताको अनुभूति हुने र अन्ततः त्यसले देशको समुन्नतिमा बाधा पुऱ्याउँछ भन्ने व्यञ्जनायुक्त अर्थ सम्प्रेषण *प्रिया !* मुक्तकसङ्ग्रहमा अभिव्यक्त भएको देखिन्छ । देश नै प्रिय छ र यसैमा रमाउन सक्नुपर्छ भन्ने लाक्षणिक अर्थ बोध ती मुक्तकले गराएका छन् । घरको कमजोर आर्थिक अवस्था सुधार्नका लागि र परिवारलाई खुसी पार्नका लागि नेपाली विदेसिने गरेको वास्तविकतालाई तलको मुक्तकले बोध गराएको छ :

पहिचानका लागि नदीमा बाढी नै आउनुपर्ने रे
नेपालकी चेली भएर बाँच्न साडी नै लाउनुपर्ने रे
गरिबी, अभाव र पछौटेपनको रोगले थलिएपछि
सोकेसमा सपना सजाउन मैले खाडी नै धाउनुपर्ने रे । (पौडेल, २०८०, पृ. ३९)

माथिको मुक्तकले नेपाली विदेशी भूमिमा जानुपर्ने बाध्यतालाई बोध गराएको छ । देशमा रोजगारीको अभाव, पाएको जागिरले जीवन निर्वाह गर्न कठिन, परिवारका प्रशस्त अपेक्षा, भौतिक युगले मानिसको जीवनशैलीका पारेको प्रभाव जस्ता जटिलताका कारण नेपाली विदेशी भूमिमा आय आर्जनका लागि जान बाध्य भएको वास्तविकताको अभिव्यक्ति हुनुले यस सङ्ग्रहका मुक्तकमा समसामयिक यथार्थता अभिव्यञ्जित भएको कुरा स्पष्ट हुन्छ ।

आय आर्जनका लागि विदेश गएका नेपालीले अपेक्षित सुधार गर्न नसकेको वास्तविकताको प्रस्तुति

*प्रिया !* मुक्तकसङ्ग्रहमा सशक्त ढङ्गले भएको देखिन्छ । देशको विकास गर्ने, आफ्नो आर्थिक अवस्था सुधार गर्ने अभिलाषा बोकेर पराई मुलुकमा गएका मानिसले नैतिकता र स्वाभिमान गुमाएका छन् । आफ्नै देशमा सबै कुरा भएर पनि केही नभएको ठान्नु स्वाभिमान गुमाउनु हो । प्राकृतिक स्रोतले सम्पन्न आफ्नो देशको भौतिक सामर्थ्यलाई बोध नगरी सुनको थाली बोकेर भिख माग्ने प्रवृत्ति नेपालीमा रहेको यथार्थता नेपाली समाजमा रहेको छ । त्यही यथार्थतालाई मुक्तककारले विषयबद्ध गरेका छन् । नेपाल सम्पन्न छ । यहाँ नै सुन फलाउन सकिन्छ भन्ने लाक्षणिक अर्थ बोध उनका मुक्तकले गराएकाले देशभक्तिको भावसमेत गहन ढङ्गले अभिव्यक्त भएको स्पष्ट हुन्छ । आफ्नो र घरकाको सपना साकार पार्न सन्तान विदेश पलायन हुने, अभिभावकले जीवन चलाउन सङ्घर्ष गर्नुपर्ने तर कति नै प्रयत्न गर्दा पनि जीवन समुन्नत नभएको चित्रण गर्दै विदेश उपयुक्त होइन भन्ने यथार्थतालाई तलको मुक्तकले बोध गराएको छ :

एक मुठी माटो बनाउने आफ्नै सपना पालेर
लागियो विदेश लगाई पाइन्ट घुँडामा टालेर
व्यवस्था फेरियो तर अवस्था उस्तै भएपछि
नदीछेउ बस्छिन् ती बुढी आमा बालुवा चालेर । (पौडेल, २०८०, पृ. ८६)

माथिको मुक्तकमा प्रस्तुत 'पाइन्ट घुँडामा टालेर' भन्ने विम्बले नेपालीको गरिबीलाई बोध गराएको छ । वर्तमानमा नेपालीहरू विदेश जाने प्रवृत्ति बढ्दै गएको छ । नेपालीहरूको त्यसै प्रवृत्तिलाई मुक्तकमा अभिव्यक्त हुनुले समसामयिक यथार्थतालाई बोध गराएको छ । यसरी विदेश गए पनि आर्थिक अवस्थामा सुधार हुन नसकेको, अवस्था दयनीय नै रहेको, नेपालीहरू विदेशमा पिल्सिएका, घरका वृद्ध बाआमा अभावमा जिउन बाध्य भएका, पारिवारिक विखण्डन भएको जस्ता सङ्कट पराई मुलुकमा जाने नेपालीको प्रवृत्तिले निम्त्याएका हुन् । यिनै कुराको चित्रण *प्रिया !* मुक्तकसङ्ग्रहमा हुनुले नेपालको समसामयिक यथार्थतालाई बोध गराएको स्पष्ट हुन्छ । नेपालीले विदेशमा भोग्नुपरेका समस्याबाट मुक्त हुन देशमै परिश्रम गर्नुपर्छ भन्ने व्यञ्जनायुक्त अर्थ बोध गराएका सशक्त मुक्तकहरूमा समसामयिक यथार्थताको अभिलक्षण अभिव्यक्त भएको देखिन्छ । पराई मुलुकप्रतिको आकर्षण र त्यसका कारण नेपालीले वर्तमानमा भोग्नुपरेका पीडालाई केन्द्रीय कथ्य बनाई यस मुक्तकसङ्ग्रहका माध्यमबाट मुक्तककारले आफूलाई समसामयिक विषयका प्रयोक्ताका रूपमा स्थापित गराएका छन् ।

***सम्बन्धगत विखण्डन***

नेपाली समाजमा व्याप्त रहेका समसामयिक यथार्थका अभिलक्षणहरूमध्ये प्रेमका क्षेत्रमा देखिएका अविश्वास र त्यसमा धोका दिने प्रवृत्तिको अभिव्यक्ति *प्रिया !* मुक्तकसङ्ग्रहमा भएको छ । आफूले अपेक्षा गरेजस्तो पात्रको प्राप्ति नहुँदासम्म एउटासँग निकट रहने र उपयुक्त अर्को विकल्प प्रस्तुत हुनासाथ पुरानो प्रेमीसँगको सम्बन्ध विच्छेद गर्ने प्रवृत्ति नेपाली समाजमा वर्तमान अवस्थामा व्यापक रहेको देखिन्छ । यस मुक्तकसङ्ग्रहमा पनि मुक्तककारले प्रेमिल विषयलाई ग्रहण गर्दै त्यस विषयका माध्यमबाट मानिसको स्वार्थी र धोका दिने प्रवृत्तिलाई उजागर गरेका छन् । प्रेममा सुमधुरताको प्रतीक्षा गरिरहेका अवस्थामा पनि त्यो पीडायुक्त हुने र स्थापित भइसकेको सम्बन्ध विच्छेद हुँदा पनि पीडा नै हुने मानवीय जीवनका यथार्थतालाई

टपक्क टिपेर मुक्तकीय स्वरूप प्रदान गरेको देखिन्छ । आज प्रेममा व्यापार भएको, धन हुनेले प्रिया प्राप्त गरेका र धन समाप्त भएपछि तिनले धोका दिने गरेको वास्तविकतालाई तलको मुक्तकले स्पष्ट पारेको छ :

क्रयशक्ति नहुनेलाई राज्यले पनि चिन्दैन
लिएर भुत्ते तरबार बलिको बोको छिन्दैन
प्रेमको फसल भित्र्याई तिमी अरूका सामुन्ने
नजिक नजिक नआऊ प्रिया ! प्रेमीले प्रेम किन्दैन । (पौडेल, २०८०, पृ. ३७)

प्रियाले प्रेम गर्ने नाममा प्रेमीसँग प्रशस्त सम्पत्तिको अपेक्षा गरेको तर प्रेमीमा त्यसलाई क्रय गर्ने सामर्थ्य नभएको कुरालाई माथिको मुक्तकले स्पष्ट पारेको छ । प्रेम धनसँग जोडिएको यथार्थलाई मुक्तककारले मुख्य विषय बनाएका छन् । नेपाली समाजमा आज प्रेम अर्थसँग सम्बद्ध भएको, प्रेमिकाहरू प्रेमीको रकमका आधार मा सम्बन्ध विकास गर्ने गरेको, आफ्नो स्वार्थ पूरा नभएमा प्रेम सम्बन्ध विच्छेद हुने गरेको समसामयिक यथार्थता हो । त्यसै विषयलाई मुक्तकारले मुक्तकीय ढाँचा प्रदान गरेका छन् ।

प्रेमका विषयमा विच्छेदको अवस्थापश्चात् पनि अनेक बहाना सिर्जना गरेर पूर्वप्रेमीलाई समस्या सिर्जना गर्ने गलत प्रवृत्ति समाजमा व्याप्त रहेको वास्तविकतालाई पनि मुक्तककारले *प्रिया !* मुक्तकसङ्ग्रहमा विषयबद्ध गरेका छन् । प्रेमिकासँग सुमधुर सम्बन्ध स्थापित हुन नसक्दा टाढै बस्ने प्रेमीले आनन्दको अनुभूति गर्न पाएको देखिँदैन । प्रियासँग सँगै बस्ने भनी खाएका वाचाबन्धन तोडिएका, आफ्नो स्वार्थ पूरा गर्नाका लागि प्रिया अघि सरिरहने, प्रेमीको हृदयलाई पीडा दिने प्रवृत्ति प्रियामा रहेको छ । प्रेमिकासँग सम्बन्ध स्थापित गरे पछि प्रेमीको जीवनमा खुसीको सञ्चार हुनुपर्नेमा भय र पीडा सिर्जना गरेकाले आफूहरूको सम्बन्ध सुमधुर नभएको यथार्थतालाई तलको मुक्तकले स्पष्ट पारेको छ :

प्रिया ! जिन्दगीको पारिलो घाम बन्न सकिनौ
मनका पीडा शमन गर्ने धाम बन्न सकिनौ
सँगै जिउने सँगै मर्ने वाचाकसम खाए पनि
मैले खाएका सयौँ चोटहरूको डाम बन्न सकिनौ । (पौडेल, २०८०, पृ. ७४)

माथिको मुक्तकमा प्रेमीले गरेका अपेक्षा पूरा नगर्ने प्रेमिकाको स्वार्थी प्रवृत्तिबाट दिक्क भएको प्रेमीले उससँग गुनासो गरेको कुरा प्रस्तुत छ । आज नेपाली समाजमा प्रेमका विषयमा देखिएको द्वन्द्वको अभिव्यक्ति हुनुले यस सङ्ग्रहका मुक्तकले समसामयिक यथार्थतालाई नै बोध गराएका छन् । आज नेपाली समाजमा स्त्री र पुरूषका बिचमा हुने गरेका प्रेममा स्वार्थी प्रवृत्ति बढेको, अस्थिरता बढेको, अविश्वास बढेको तथा विच्छेदको अवस्था सिर्जना भएको कुरालाई सर्वत्र देख्न सकिन्छ । यही नेपाली समाजका वर्तमान अवस्थाका प्रेम विषयक यथार्थ घटनालाई मुक्तक शिल्पका माध्यमबाट *प्रिया !* मुक्तकसङ्ग्रहमा अभिव्यक्त गरिएको छ ।

*प्रिया !* मुक्तकसङ्ग्रहमा प्रियाले मात्र प्रेमीलाई धोका दिएको कुराको चित्रण नगरी प्रेमीको स्वार्थी प्रवृत्तिको समेत सशक्त अभिव्यक्ति भएको छ । आफ्नो स्वार्थ पूरा नहुन्जेल प्रियाको गुणगान गाउने, उससँग निकट बन्ने र आफ्नो सर्वस्व नै उही प्रिया भएको अभिनय गर्ने स्वार्थी चरित्रको प्रेमीको गलत व्यवहारलाई तलको मुक्तकले स्पष्ट पारेको छ :

जसलाई आफ्नो सम्झेँ उही कर्केर गयो
नजिक नआई टाढैबाट किन हो फर्केर गयो
नअघाउन्जेल जुकोजस्तै टाँसिरहन्थ्यो ऊ
ढाडिएरै होला सायद लुसुक्क तर्केर गयो । (पौडेल, २०८०, पृ. ७८)

आफ्नै सम्झेर निकट बनेकी प्रियाले प्रेमीलाई सर्वस्व सुम्पी तर उसको अस्तित्व, विवशता र सामाजिक मर्यादालाई बेवास्ता गरी प्रेमी हिँडेको कुरालाई माथि उद्धृत मुक्तकले स्पष्ट पारेको छ । नेपाली समाजमा वर्तमान समयमा पुरूषले स्त्रीसँग धन प्राप्त गर्ने अभिप्राय एवम् यौन सन्तुष्टि प्राप्त गर्ने मनसायले प्रेम सम्बन्ध स्थापित गर्ने र आफ्ना ती अपेक्षा पूरा गर्नासाथ वा अब उक्त स्त्रीसँग ती कुरा प्राप्त गर्न नसकिने अवस्था सिर्जना भएपछि प्रेमिकालाई विचल्लीमा पारेर हिँड्ने पुरूषको गलत प्रवृत्ति व्यापक देखिएको छ । यस्ता पुरूष र स्त्रीका बिचका विकृत पक्षको चित्रण यस सङ्ग्रहका मुक्तकमा हुनुले समसामयिक यथार्थतालाई बोध गराएको देखिन्छ ।

नेपाली समाजका समकालीन यथार्थतालाई अभिव्यक्त गर्ने क्रममा *प्रिया !* मुक्तकसङ्ग्रहमा घरपरिवार र पतिपत्नीका बिचमा देखिने द्वन्द्व र विच्छेदको अवस्थालाई समेत प्रमुख विषय बनाएको देखिन्छ । पत्नीकै कारण वृद्धावस्थामा पुगेका बाआमालाई उपेक्षा गरिएका घटना आज नेपाली समाजमा देख्न र सुन्न प्रशस्त पाइन्छ । समाजमा रहेका यस्ता समस्यालाई यस मुक्तकसङ्ग्रहमा विषय बनाएको कुरालाई तलको मुक्तकले स्पष्ट पारेको छ :

सपना बुन्दै जालीहरू आकाशका तारा खसाउँछन्
पारिवारिक विखण्डनले वृद्ध बाका आँखा रसाउँछन्
सुमधुर सम्बन्ध अनि पारिवारिक मेल भन्दै
विश्वप्रकाश बैठक बसी परिवारको माइन्युट उठाउँछन् । (पौडेल, २०८०, पृ. २९)

वृद्धावस्थामा सन्तानको सहयोग र माया प्राप्त गर्ने अभिलाषा पूरा भएको छैन भन्ने कुरालाई माथिको मुक्तकले बोध गराएको छ । वृद्ध बाआमालाई एक ठाउँमा राखेर आफूहरू सुविधायुक्त स्थानमा गएर बस्ने छोराबुहारीका प्रवृत्तिले पारिवारिक विखण्डन ल्याएको छ । यस्तो स्थिति नेपाली समाजमा आज व्याप्त रहेको छ । यसका साथै पतिपत्नीका बिचमा जुन सम्बन्ध हुनुपर्ने हो त्यो अवस्था नरहेको स्थितिलाई पनि यस सङ्ग्रहमा प्रमुख विषय बनाएको देखिन्छ । पत्नीले पतिलाई उपेक्षा गर्ने, पतिको पीडामा साथ नदिने, आफ्नो स्वार्थ पूरा गर्न उद्यत रहने र पतिप्रति माया नदेखाउने पत्नीको गलत प्रवृत्तिबाट दिक्क भएको पतिले हिन्दू संस्कृतिबमोजिम दिएको चुरापोते फुटाएर सम्बन्ध विच्छेद गर्न आग्रह गरेको कुरालाई तलको मुक्तकले बोध गराएको छ :

तिम्रो मेरो मनको बन्धन टुटाइदिए हुन्छ
बाँकी तिम्रा सपनाहरू लुटाइदिए हुन्छ
माकुराको जालोजस्तो भयो तिम्रो चाला
मेरा नामका चुरापोते फुटाइदिए हुन्छ । (पौडेल, २०८०, पृ. ७२)

अस्थिर मायालाई बोध गराउनका लागि प्रयोग भएको विम्ब 'माकुराको जालोजस्तो' लाई प्रयोग गरिएको

यस मुक्तकले पतिपत्नीका बिचको सम्बन्ध सुमधुर नरहेको कुरालाई प्रमाणित गरेको छ । आफूले पत्नीबाट पाउनुपर्ने प्रेम र सहयोग नपाएपछि चुरापोतेसँगको सम्बन्धको कुनै अर्थ छैन भन्ने कुरालाई उक्त मुक्तकले स्पष्ट पारेको छ । पतिपत्नीको प्रणय सम्बन्धको प्रतीक चुरापोतेका माध्यमबाट सम्बन्ध सुमधुर बनाउन नसक्ने पत्नीसँगको जीवन उपयुक्त हुँदैन भन्ने व्यञ्जनायुक्त अर्थलाई समेत यस मुक्तकका माध्यमबाट अभिव्यक्त गरिएको छ । पत्नीमा देखिने स्वार्थी प्रवृत्ति, घरका गोप्य कुरा सुरक्षित नराख्ने प्रवृत्तिका कारण परिवार विखण्डन भएको नेपाली समाजको यथार्थतालाई समेत यस सङ्ग्रहका मुक्तकमा प्रमुख विषय बनाएको देखिन्छ । पत्नीबाट धोका पाएपछि आफ्नो सपना भाँचिएको, ग्रहदशाको कुनै अर्थ नभएको कुरालाई तलको मुक्तकले स्पष्ट पारेको छ :

आजभोलि ऊ मलिन अनुआर लिएर बाँचेको छ  
सायद मनैभरि अनेकौँ सपनाहरू साँचेको छ  
घरजम गर्ने सपनामाथि समयले लात हानेपछि  
मुहूर्त, ग्रहदशालाई धिक्कार्दै मन पूरै भाँचेको छ । (पौडेल, २०८०, पृ. ४६)

ग्रहदशा जुराई बिहे गर्ने नेपाली समाजको मान्यतालाई अवलम्बन गरे पनि सम्बन्ध सुमधुर नभएको कुरालाई पनि माथिको मुक्तकमा प्रमुख विषय बनाई अभिव्यक्त गरिएको छ । प्रेमी प्रेमिकाको स्वार्थी प्रवृत्ति, पारिवारिक विखण्डन, पतिपत्नीका बिचमा देखिएको द्वन्द्व र विच्छेद नेपाली समाजका वर्तमान समयका वास्तविकता हुन् । यिनै सम्बन्धगत विखण्डनलाई केन्द्रीय कथ्य बनाई मुक्तककारले आफूलाई समसामयिक यथार्थतालाई चित्रण गर्ने स्रष्टाका रूपमा स्थापित गरेका छन् ।

**निष्कर्ष**

सुरज पौडेलद्वारा लिखित *प्रिया !* मुक्तकसङ्ग्रहमा समसामयिक यथार्थतालाई सशक्त ढङ्गले अभिव्यक्त गरिएको छ । यस सङ्ग्रहमा मूलतः नेपाली समाज र यहाँका मानिसको जीवनशैली र आचरणमा आएको परिवर्तनलाई मुख्य विषय बनाइएको छ । चतुष्पदी संरचना ढाँचा, मुक्त लय, अनुप्रासीय विन्यास, व्यञ्जनायुक्त अर्थ एवम् उपयुक्त विम्ब प्रतीकको उचित प्रयोगले स्वाभाविक कला मूल्य निर्धारण गरी मूलतः समसामयिक यथार्थतालाई अभिव्यक्त गरिएको छ । प्रेममा समस्या, समाजका विकृति, मानवीय प्रवृत्ति, मानवीय कर्तव्य, लोकतन्त्र, प्रकृति, संस्कृति, परदेशका समस्या जस्ता विविध विषयको संयोजन गरी तिनका माध्यमबाट समसामयिक यथार्थतालाई नै अभिव्यक्त गरेको देखिन्छ । मुक्तकसङ्ग्रहमा प्रयुक्त समाजमा देखिएका भ्रष्टाचार, ठगी, सत्तामोह, चुनावका विकृति, संसद्का विकृति, धर्म र कर्मकाण्डका क्षेत्रका विकृति एवम् सरकारी कार्यालयका विकृति जस्ता विषयले नेपाली समाजको यथार्थतालाई बोध गराएका छन् । मानिसमा व्यक्तिवादी प्रवृत्ति बढ्दै गएको, सम्बन्धगत कमजोरी देखिएको र पैसालाई सर्वोच्च ठान्ने कुरालाई विषय बनाई वर्तमानका मानिसमा पुँजीप्रति मोह रहेको यथार्थतालाई चित्रण गरिएको छ । विदेशी भूमिप्रतिको आकर्षण र त्यहाँ अपेक्षित सफलता प्राप्त गर्न नसकेको कुरालाई मुक्तकको विषय बनाउनुले समेत समसामयिक यथार्थको चित्रण गरेको कुरालाई स्पष्ट पारेको छ । सम्बन्धगत विखण्डन वर्तमानको जटिल समस्या हो र त्यसलाई गहन ढङ्गले मुक्तकीय स्वरूप प्रदान गरिएको छ । समग्रमा यस

मुक्तकसङ्ग्रहका मुक्तकमा नेपाली समाजका विकृति, विसङ्गतिलाई मुक्तक ढाँचामा आबद्ध गरी समकालीन यथार्थतालाई अभिव्यक्त गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । देशभित्रका यस्ता समस्याग्रस्त विषयको चित्रण गरी त्यस्ता विषय देशका लागि घातकसिद्ध छन् भन्ने व्यञ्जनायुक्त अर्थ यस सङ्ग्रहका मुक्तकले अभिव्यक्त गरेका छन् भन्ने निष्कर्षसमेत यस अध्ययनबाट प्राप्त भएको छ ।

**सन्दर्भ सामग्री**

अधिकारी, ज्ञानु (२०७०), 'समकालीन नेपाली नारी कथामा नारीवादी प्रवृत्ति', *नेपाली नारीवादी समालोचना*, सुधा त्रिपाठी र सीता पन्थी (सम्पा.), नेपाल प्रज्ञा प्रतिष्ठान ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप*, साझा प्रकाशन ।

पौडेल, सुरज (प्रधान सम्पा.) (२०६८), *कालिका शैक्षिक दर्पण*, कालिका उ.मा.वि. तथा कालिका पब्लिक कलेज ।

पौडेल, सुरज (२०८०), *प्रिया !*, सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

बराल, ईश्वर (अध्यक्ष) (२०५५), *नेपाली साहित्यकोश*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, ऋषिराज (२०५२/२०६७), *मार्क्सवाद र उत्तरआधुनिकतावाद*, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन*, साझा प्रकाशन ।

बस्ताकोटी, भूमिराज (२०८०), 'भूमिका', *प्रिया !*, सुरज पौडेल (लेखक), सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

रेग्मी, जगन्नाथ (२०८०), 'प्रिया ! प्रतिको प्राग्दृष्टि', *प्रिया !*, सुरज पौडेल (लेखक), सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग*, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, विष्णुप्रसाद (२०८०), 'प्रकाशकीय', *प्रिया !*, सुरज पौडेल (लेखक), सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७८), *यथार्थवाद र नेपाली कथा-परम्परामा आधुनिक कालको प्रणयन*, शिखा बुक्स ।